जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८
सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता
राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY
purbasandesh.com



## नेपालमा जेईको बढ्दो जोखिम

✍ देवेन्द्र किशोर दुङ्गाना

३

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक–६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३–५७५४०९

गंगा ट्राभल्स एण्ड टुर्स

हाम्रा सेवाहरु:
- राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
- भारतका लागि रेल, बसको टिकट
- बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
- टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा

Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available

ARE YOU GOING TO INDIA?
SPECIAL PRE PURCHASE TO INDIA
INDIGO, SPICE JET, AIR INDIA, AKASA

CASH BACK OFFER
RS. 100 -5000
9842645136

GANGA TRAVEL AND TOURS
EMAIL ID: gangatravel36@gmail.com
WHAT'S UP : 9842645136 / 023-575311
LOCATION : DAMAK 5 JHAPA BELDANGI ROAD

❑ वर्ष-२१ ❑ अंक - २४८ ❑ २०८३ असोज ०८ गते बिहीबार ❑ Thursday, 24 Sept. 2026 ❑ मूल्य ७ /-

# भारी वर्षाको त्रासदी

## नागरिकलाई सावधानी अपनाउन प्रधानमन्त्री बालेनको आग्रह

✍ पूर्वसन्देश समाचार

दमक । आजदेखि देशका विभिन्न स्थानमा भारीदेखि अति भारी वर्षाको सम्भावना रहेपछि सरकारले पूर्वतयारी र सतर्कता बढाउन आग्रह गरेको छ । मौसम विज्ञान विभागका अनुसार असोज ९ गते शुक्रबारदेखि असोज ११ गते आइतबारसम्म मेघगर्जन, चट्याङ र हावाहुरीसहित भारीदेखि अति भारी वर्षा हुन सक्ने सम्भावना छ ।

प्रधानमन्त्री बालेन्द्र शाहले बुधबार सामाजिक सञ्जालमार्फत मौसम पूर्वानुमान सार्वजनिक गर्दै सम्भावित वर्षाका कारण बाढी, पहिरो, गेग्रान बहाव, डुबान तथा सडक र हवाई यातायातमा अवरोध हुन सक्ने भएकाले नागरिकलाई सावधानी अपनाउन आग्रह गरेका छन् । पानी परिरहेको समय र रातिको समयमा सकेसम्म राजमार्गमा यात्रा नगर्न तथा नदी, खोला र पहिरोको जोखिम भएका क्षेत्रमा विशेष सतर्कता अपनाउन उनले आग्रह गरेका छन् ।

पूर्वानुमानअनुसार गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा भारीदेखि अति भारी वर्षा तथा एक-दुई स्थानमा अति भारी वर्षा हुन सक्नेछ । कोशी, बागमती, मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही स्थानमा पनि भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको विभागले जनाएको छ ।

मौसम प्रणालीको प्रभावका कारण गण्डकीको पोखरा आसपास, लुम्बिनीका पहाडी तथा तराई क्षेत्र, कोशीको ताप्लेजुङसहित हिमाली भूभाग, बागमतीको पहाडी क्षेत्र, कर्णालीको जुम्ला आसपास तथा सुदूरपश्चिमका पहाडी क्षेत्रमा बाढी, पहिरो, डुबान र सडक अवरोधको जोखिम बढ्न सक्ने जनाइएको छ । उच्च हिमाली क्षेत्रमा हिमआँधीको सम्भावनासमेत रहेकाले पदयात्रा तथा पर्वतारोहणमा रहेकाहरूलाई विशेष सावधानी अपनाउन मौसमविद्हरूले सुझाएका छन् ।

मौसमविद्हरूका अनुसार हालको प्रणालीको मुख्य प्रभाव बंगालको खाडी र त्यससँग जोडिएको वायुमण्डलीय गतिविधिसँग सम्बन्धित छ । बंगालको खाडी तथा उत्तरपूर्वी हिन्द महासागर क्षेत्रमा विकसित न्यूनचापीय प्रणाली पश्चिम-उत्तरपश्चिमतर्फ सर्दै जाँदा नेपालमा वर्षाको गतिविधि बढ्ने सम्भावना देखिएको हो । नेपालमा मनसुनी वायुको प्रभाव पूर्ण रूपमा हटिनसकेको र पश्चिमी वायुसँगको अन्तरक्रियाका कारण पनि वर्षा सक्रिय हुन सक्ने मौसमविद्हरूले बताएका छन् ।

यसलाई बंगालको खाडीबाट भारत हुँदै नेपालसम्म जलवाष्प र मौसमी प्रभाव पुग्ने प्रक्रियाका रूपमा बुझ्न सकिन्छ । तर मौसमी प्रणाली सडकको रूटजस्तो निश्चित बाटो हुँदै नेपाल प्रवेश गर्ने होइन । वायुदाब, हावाको दिशा, तापक्रम, भूगोल र अन्य वायुमण्डलीय प्रणालीबीचको बाँकी ४ पेजमा ▸▸

### झापामा पूर्वतयारी

दमक । भारी वर्षाको सम्भावनासँगै झापामा बाढी, डुबान तथा अन्य विपदबाट हुने क्षति न्यूनीकरणका लागि पूर्वतयारी तीव्र पारिएको छ ।

मौसम पूर्वानुमान महाशाखाले असोज ८ देखि १२ गतेसम्म भारी वर्षाको सम्भावना औंल्याएपछि जिल्ला प्रशासन कार्यालय झापामा बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले सम्भावित जोखिमयुक्त क्षेत्रमा पूर्वसूचना प्रवाहदेखि उद्धार सामग्री र सुरक्षाकर्मी परिचालनसम्मको तयारी गर्ने निर्णय गरेको हो ।

प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलको अध्यक्षतामा बसेको बैठकमा जिल्लाका प्रमुख राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, स्थानीय तहका प्रमुख तथा प्रतिनिधि, सुरक्षा निकायका प्रमुख, नेपाल रेडक्रस सोसाइटी, विभिन्न सरकारी कार्यालयका प्रमुख तथा सञ्चारकर्मीको सहभागिता रहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

नेपाल रेडक्रस सोसाइटी झापाका सभापति लोकराज ढकालका अनुसार बाढी तथा डुबानको जोखिम रहेका क्षेत्रका बासिन्दालाई समयमै सचेत गराउने तयारी गरिएको छ । जोखिमयुक्त क्षेत्रमा साइरन बजाउने, माइकिङ गर्ने बाँकी ४ पेजमा ▸▸

## न्युयोर्कमा प्रधानमन्त्री बालेन



दमक । प्रधानमन्त्री बालेन्द्र शाह संयुक्त राष्ट्रसंघको ८१औँ महासभामा सहभागी हुन अमेरिका पुगेका छन् । प्रधानमन्त्री शाहले बिहीबार संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेससँग भेटवार्ता गर्ने र त्यसलगत्तै महासभाको उच्चस्तरीय सत्रलाई सम्बोधन गर्ने कार्यक्रम छ । प्रधानमन्त्री शाह मंगलबार साँझ कतार एयरवेजमार्फत न्युयोर्कका लागि प्रस्थान गरेका थिए । उनी नेतृत्वको नेपाली प्रतिनिधिमण्डलमा परराष्ट्रमन्त्री शिशिर खनाल, प्रधानमन्त्रीका मुख्य सल्लाहकार कुमार ब्यान्जनकार, परराष्ट्र सचिव अमृतबहादुर राईलगायत सहभागी छन् ।

शाहको भ्रमणको मुख्य एजेन्डा नेपालको जलवायु संकट र पछिल्लो भोटेकोशी बाढीबाट भएको क्षतिलाई अन्तर्राष्ट्रिय समुदायसमक्ष प्रस्तुत गर्नु रहेको छ । बाँकी ४ पेजमा ▸▸

## विज्ञापन वोर्डमा श्रेष्ठ नियुक्त



**दमक/** सरकारले विज्ञापन बोर्डको अध्यक्षमा सन्तोष श्रेष्ठलाई नियुक्त गरेको छ । मन्त्रिपरिषद्को असोज २ गतेको निर्णयअनुसार काठमाडौं महानगरपालिका-१४ निवासी श्रेष्ठलाई बढीमा चार वर्षका लागि बोर्डको अध्यक्ष नियुक्त गरिएको हो । नवनियुक्त अध्यक्ष श्रेष्ठले सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनासमक्ष पद तथा गोपनीयताको शपथ लिए । शपथपछि मन्त्री तिमिल्सिनाले विज्ञापन क्षेत्रको नियमन, व्यवस्थापन र सुधारलाई प्रभावकारी बनाउन परिणाममुखी ढङ्गले काम गर्न निर्देशन दिए ।

मन्त्री तिमिल्सिनाले विज्ञापन बोर्डको आवश्यकता, औचित्य र स्वीकार्यता थप स्थापित हुने गरी कार्ययोजना बनाएर अघि बढ्नुपर्ने बताए । उनले लोककल्याणकारी विज्ञापन वितरणलाई वैज्ञानिक, वस्तुनिष्ठ, पारदर्शी र विधिसम्मत बनाउनुपर्नेमा पनि उनले जोड दिएका छन् ।

## दमकमा तीन दिनमा १५ हजार बढीले लगाए खोप

दमक । जापानी इन्सेफ्लाइटिस (जेई) विरूद्धको खोप अभियानअन्तर्गत दमकमा तीन दिनमा १५ हजार ५६७ जनाले खोप लगाएका छन् । यो नगरपालिकाको लक्षित जनसंख्याको २८.१ प्रतिशत हो ।

अभियानको तेस्रो दिन मात्रै दमकमा ५ हजार ६९३ जनाले खोप लगाएका छन् । पहिलो दिन ४ हजार ५१९ र दोस्रो दिन ५ हजार ३५५ जनाले खोप लगाएका थिए । दमकमा ३० वर्षमाथिका करिब ५५ हजार ३४४ जनालाई खोप लगाउने लक्ष्य राखिएको छ । तेस्रो दिनसम्म वडा नम्बर १ मा १ हजार ३४०, २ मा १ हजार ३४३, ३ मा १ हजार ६८२, ४ मा १ हजार ६३०, ५ मा २ हजार २३, ६ मा १ हजार ४२८, ७ मा १ हजार ५८१, ८ मा १ हजार ६९२, ९ मा २ हजार ९१ र १० मा ७५७ जनाले खोप लगाएका छन् । तीन दिनमा सबैभन्दा धेरै वडा नम्बर ९ र सबैभन्दा कम वडा नम्बर १० मा खोप लगाइएको छ ।

झापाभर भने ३० वर्षमाथिका बाँकी ४ पेजमा ▸▸

## राप्रपा प्रदेश अधिवेशनको तयारीमा



दमक / राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले आगामी मंसिरमा हुने केन्द्रीय महाधिवेशनलाई लक्षित गर्दै जिल्ला र प्रदेश अधिवेशनलाई तीव्रता दिएको छ । पार्टीले २६ देखि २८ मंसिरसम्म काठमाडौंमा केन्द्रीय महाधिवेशन गर्ने मिति तय गरेको छ ।

राप्रपाका अनुसार हालसम्म ७२ जिल्लामा अधिवेशन सम्पन्न भइसकेको छ । भोटेकोसी बाढीबाट प्रभावित रसुवा, नुवाकोट र धादिङ तथा अधिवेशन गर्न बाँकी जुम्ला बाँकी ४ पेजमा ▸▸

## ओलीले नयाँ पुस्तालाई बाटो खोल्नुपर्ने योगेशको प्रस्ताव



दमक । नेकपा एमालेका उपमहासचिव योगेश भट्टराईले अध्यक्ष केपी शर्मा ओलीले नेतृत्वबाट सम्मानजनक रूपमा बिदा लिएर नयाँ नेतृत्व निर्माणका लागि मार्गप्रशस्त गर्नुपर्ने प्रस्ताव गरेका छन् ।

केन्द्रीय कमिटी बैठकमा पार्टी पुनर्गठनसम्बन्धी लिखित प्रस्ताव प्रस्तुत गर्दै भट्टराईले नेतृत्व हस्तान्तरणलाई पार्टीको लोकतान्त्रिक संस्कार, पुस्तान्तरण र वैचारिक पुनर्जागरणसँग जोडिएको विषयका रूपमा व्याख्या गरेका हुन् ।

उनले नेतृत्व हस्तान्तरण कुनै व्यक्तिलाई हटाउने वा स्थापित गर्ने विषय मात्र नभएको उल्लेख गर्दै पार्टीलाई नयाँ राजनीतिक विश्वासका साथ अघि बढाउन आवश्यक रहेको बताएका छन् । नेतृत्वको वास्तविक महानता पदमा लामो समय टिकिरहनु नभई आफूले निर्माण गरेको आन्दोलनलाई अगाडि बाँकी ४ पेजमा ▸▸

## चौधरीको माफि मिनाहा सर्वोच्चद्वारा सदर

दमक / राष्ट्रपति रामचन्द्र पौडेलले नागरिक उन्मुक्ति पार्टीका संस्थापक नेता रेशम चौधरीलाई दिएको माफीमिनाहालाई सर्वोच्च अदालतले सदर गरेको छ ।

न्यायाधीशहरू शारंगा सुवेदी र श्रीकान्त पौडेलको इजलासले चौधरीको माफीमिनाहा विरूद्ध परेको रिट निवेदन खारेज गरेको हो ।

## सुरक्षाकर्मीलाई जलविद्युत्को आईपीओ

**दमक/** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले जलविद्युत् आयोजनाको आईपीओमा बहालवाला सुरक्षाकर्मीलाई २ प्रतिशत सहभागिता सुनिश्चित गर्ने कानुनी व्यवस्था गर्न प्रक्रिया अघि बढाइएको बताएका छन् ।

प्रतिनिधि सभामा बुधबार सम्बोधन गर्दै उनले बाढी तथा विपद्का समयमा सुरक्षाकर्मीले गरेको योगदानको सम्मानस्वरूप यस्तो व्यवस्था गर्न लागिएको जानकारी गराए । साथै, त्रिशूलीमा ज्यान गुमाएका वा बेपत्ता विद्युत् प्राधिकरणका कर्मचारीका परिवारलाई तत्काल ५ लाख रूपैयाँ राहत र ६ महिनासम्म तलबको ५० प्रतिशत रकम उपलब्ध गराउने निर्णय भएको बताए ।

## एक सातामा १० विधेयक संसद्मा दर्ता



दमक / सरकारले पछिल्लो एक सातामा विभिन्न १० वटा विधेयक संघीय संसद्मा दर्ता गरेको छ । सरकारले चालु वर्ष १६६ वटा कानुन निर्माण गर्ने लक्ष्य राखेको र हालसम्म ४० भन्दा बढी विधेयक संसद्मा दर्ता भइसकेको कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतमले बताएकी छन् ।

मंगलबार प्रतिनिधिसभाको बैठकमा 'राष्ट्रिय क्षेत्राधिकार बाहिरको सामुद्रिक जैविक विविधताको संरक्षण र दिगो उपयोगसम्बन्धी (बीबीएनजे) सम्झौता'माथिको छलफलमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै मन्त्री गौतमले सरकारले कानुन निर्माण प्रक्रियालाई तीव्रता दिएको बताइन् ।

उनका अनुसार चालु वर्ष १६६ वटा कानुन बनाउने सरकारको लक्ष्य छ । 'यस वर्ष हामी १६६ वटा कानून बनाउने लक्ष्यमा छौं र अहिलेसम्म ४० भन्दा बढी दर्ता भइसकेका छन्,' उनले भनिन् ।

सरकारले मंगलबार मात्रै तीन वटा विधेयक संघीय संसद्मा दर्ता गरेको छ । दर्ता भएका विधेयकमा रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयक, केही नेपाल ऐनको व्यवस्था संशोधन गर्न बनेको विधेयक र महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षासम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक रहेका छन् ।

यसअघि ५ असोजमा पाँच वटा विधेयक संसद्मा दर्ता भएका थिए । बाँकी ४ पेजमा ▸▸

# इलाममा बर्सेनी विद्युतीय समस्या



इलाम/ लगातार तीन वर्षदेखि वर्षापछि आउने बाढी र पहिरोजस्ता विपद्का घटनाबाट इलाममा विद्युत सेवा प्रवाहमा समस्या भइरहेको छ ।

विपद्का समयमा विद्युत प्रसारण गरिएका तार र पोलमा क्षति पुगेपछि प्रसारण सञ्चालनमा कठिनाइ भइरहेको विद्युत वितरण केन्द्र इलामले जनाएको छ ।

जिल्लामा पूर्ण विद्युतीकरण दुईवटा परियोजना सञ्चालन भइरहेपनि ती योजनाले समयमा काम नसक्दा उपभोक्तालाई सहज विद्युत सेवा उपलब्ध गराउन नसकिएको प्राधिकरण इलामका प्रमुख रेवतकुमार चौधरीले बताए ।

'अहिले जिल्लामा ६ हजार तीन सय काठको विद्युत पोल फेर्नुपर्ने अवस्था छ । दुई सय बल्लतल्ल फेरिएको छ । अब फेरि विपद् आयो भने ती काठका पोल जोखिममा छन्,' चौधरीले भने । 'आवश्यक संख्याको पोल आउँदैन, जिल्लामा विद्युतमा काम गर्ने जनशक्ति अभाव छ ।'

चौधरीका अनुसार जिल्लामा ठूलो क्षमताको ट्रान्सफर्मर पनि अभाव रहेको छ । ५० केभीका ट्रान्सफर्मर जलेपछि १५ केभीका ट्रान्सफर्मर जडान गरेर विद्युत सेवा सुचारू गरिएपनि त्यसबाट गाउँमा उद्योग व्यवसाय सञ्चालन गर्न कठिनाइ भएको गुनासो आउने गरेको चौधरीले बताए ।

'अहिले उपभोक्ताले प्रयोग गर्ने विद्युत मिटर पनि अभाव छ । उपभोक्ताको मागअनुसार मिटर आउन सकेको छैन । गएको फागुन(चैतमै फारम भरिएको उपभोक्ताका लागि पछिल्लो समय एक सय वटा मिटर आएको छ । 'माइ नगरपालिका र माइजोगमाई गाउँपालिकामा जडान गरिएका ५०(५० केभीका ट्रान्सफर्मर जलेपछि अहिले १५ केभीको ट्रान्सफर्मरले विद्युत सेवा प्रभाव गर्नुपरेको बाध्यता छ । ट्रान्सफर्मर माथिबाट आएको छैन ।'

Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्

दाँत र मुख सम्बन्धी हरेक समस्याको समाधान
ॐ शान्ति डेन्टल हस्पिटलको वरदान !



आउनुहोस् यहाँ दाँत उखेल्ने, भर्ने, लगाउने,वाङ्गा, टिङ्गा, मिलाउनेदेखि उपचार र मुखको जटिल शल्यक्रिया समेतको अनुभवी डाकटर र आधुनिक मेसिनको सहयताले यहाँ हरेक समस्याको सरल ढंगले समाधान गरिन्छ ।

सेवामा आवद्ध डाक्टरहरु

☞ डा. हेम राज गैरे ☞ डा. सि.पि. गैरे ☞ डा. राहुल गुप्ता
☞ डा. विवेक शिंह ☞ डा. टंक न्यौपाने ☞ डा. स्मारक दाहाल
☞ डा. मोलिका श्रेष्ठ ☞ डा. काश्मी श्रेष्ठ ☞ डा. सायारा ढकाल
☞ डा. अन्जली ठाकुर

ॐ शान्ति डेन्टल हस्पिटल
दमक–५ बेलडांगी रोड, डि म्याक्स अगाडी (फोन: ०२३–५७५९०६)

# सम्पादकीय

## सडक बने, यात्रा सहज भएन

पहाडी राजमार्गहरु अहिले प्राकृतिक विपत्तिको चपेटामा छन् । बाढी र पहिरोका कारण कोशी प्रदेशका धेरै ठाउँमा सडक अवरुद्ध छन् । कतिपय राजमार्ग बन्द छन् भने कतिपय खुलाउने प्रयास भइरहेको छ । वर्षायाममा पहाडी सडकमा यस्तो समस्या देखिनु नयाँ होइन । हरेक वर्ष बाढी र पहिरोले सडक बन्द हुने, यात्रु अलपत्र पर्ने र करोडौं रूपैयाँ खर्च गरेर बनाइएका सडक केही घण्टाको वर्षामै क्षतिग्रस्त हुने अवस्थाबाट हामी कहिले बाहिर निस्कने ? प्रश्न अनुत्तरित छ र रहिरहन्छ । विगतमा दीर्घकालीन अध्ययन, भौगोलिक जोखिम र वातावरणीय पक्षलाई पर्याप्त ध्यान नदिई हतारमा निर्माण गरिएका सडकको भार अहिले सर्वसाधारणले बोकिरहेका छन् । सडक निर्माणलाई विकासको सूचक मानिए पनि टिकाउ, सुरक्षित र वैज्ञानिक सडक निर्माणलाई प्राथमिकता नदिने हो भने त्यही सडक जनताको सास्तीको कारण बन्न सक्छ ।

यसको एउटा उदाहरण कोशी राजमार्गअन्तर्गतको खाँदबारी-तुम्लिङटार-सभाखोला सडकखण्ड हो । करिब १७ किलोमिटर सडक कालोपत्रे तथा चौडा गर्ने कामका लागि असोज ६ देखि ३० गतेसम्म दैनिक नौ घण्टा यातायात बन्द गरिएको छ । बिहान ८ देखि १२ बजेसम्म र दिउँसो १ देखि साँझ ६ बजेसम्म सडक बन्द गरेर निर्माण अघि बढाइएको छ । निर्माण कम्पनीको आग्रहमा कामलाई समयमै सम्पन्न गर्न यातायात रोकिएको सडक डिभिजन कार्यालयले जनाएको छ ।

सडक निर्माणका क्रममा केही समय यात्रुलाई असुविधा हुनु स्वाभाविक हो । तर त्यसको विकल्प पनि व्यवस्थित हुनुपर्छ । बिरामी, विद्यार्थी, खाद्यान्न तथा अत्यावश्यक सेवाका सवारीसाधनका लागि विशेष व्यवस्था गर्न नसक्दा सडक निर्माणको भार पनि अन्ततः सर्वसाधारणकै काँधमा पर्छ । अर्कोतर्फ, ताप्लेजुङको पाथीभरा सडकले हाम्रो विकास प्रणालीको अर्को तस्वीर देखाउँछ । काफ्लेपाटीसम्म ट्र्याक खुलेको डेढ दशक बितिसक्दा पनि सडकको अवस्था अपेक्षित रुपमा सुधार हुन सकेको छैन । सडक कालोपत्रे गर्ने ठेक्का २०७८ सालमा लागेको थियो । तर दुईपटक म्याद थपिसक्दा पनि भौतिक प्रगति करिब ४० प्रतिशत मात्रै हुनु लज्जाको विषय हो ।


यो सामान्य ढिलासुस्तीको विषय मात्र होइन । पाथीभरा पूर्वी नेपालको महत्वपूर्ण धार्मिक तथा पर्यटन गन्तव्य हो । दसैं-तिहार र अन्य प्रमुख पर्वका बेला यहाँ ठूलो संख्यामा भक्तजन तथा पर्यटक पुग्छन् । तर सडकको अवस्था कमजोर हुँदा यात्रुहरुले हिलो, धुलो, खाल्डाखुल्डी र जोखिमपूर्ण यात्राको सामना गर्नुपरेको छ । सडकबाट लाभ लिनुपर्ने स्थानीय बासिन्दासमेत वर्षभरि सास्ती भोग्न बाध्य छन् । सरकारले अब सडकको संख्या बढाउने मात्र होइन, सडकको गुणस्तर, सुरक्षा र दिगोपनाको हिसाब गर्नुपर्छ । निर्माण कम्पनीले समयमा काम नगरे कारबाही गर्ने, ठेक्का सम्झौतामा तोकिएको गुणस्तर कायम गर्ने र कमजोर कामलाई राजनीतिक वा प्रशासनिक संरक्षण नदिने दृढता आवश्यक छ ।

# नेपालमा जेईको बढ्दो जोखिम



✍ देवेन्द्र किशोर दुङ्गाना

**बिहान-साँझ लामखुट्टेको सम्पर्कबाट जोगिन झुल तथा लामखुट्टे भगाउने उपाय प्रयोग गर्ने, घरवरपर पानी जम्न नदिने, सरसफाइमा ध्यान दिने र ज्वरोसँगै टाउको दुख्ने, बान्ता हुने, बेहोस हुने वा स्नायुसम्बन्धी असामान्य लक्षण देखिए तत्काल स्वास्थ्य संस्थामा पुग्ने व्यवहार आवश्यक छ ।**



नेपालमा जापानिज इन्सेफलाइटिस (जेई) अर्थात् मस्तिष्क ज्वरोको संक्रमण र यसबाट हुने मृत्युका घटना बढ्दै जानु सामान्य मौसमी स्वास्थ्य समस्याका रूपमा लिएर पन्छिने अवस्था होइन । लामखुट्टेको टोकाइबाट सर्ने यो रोगले विशेषत: स्नायु प्रणालीमा गम्भीर असर पार्न सक्छ र ज्यानसमेत लिन सक्छ । त्यसैले संक्रमणको जोखिम देखिइसकेको अवस्थामा नागरिक सुरक्षा र प्रभावकारी रोकथामलाई राज्यको तत्कालीन जनस्वास्थ्य प्राथमिकता बनाइनु पर्छ ।

यस वर्ष झापा यसको गम्भीर उदाहरण बनेको छ । स्वास्थ्य कार्यालय झापाका पछिल्ला विवरणअनुसार जिल्लामा १३ जनामा जेई संक्रमण पुष्टि हुँदा सात जनाको मृत्यु भइसकेको छ । मृत्यु हुनेमा भद्रपुर नगरपालिका-८ का आठ वर्षीय अविनाश टुडुसमेत छन् । भदौ ८ गते उपचारका लागि प्रादेशिक अस्पताल भद्रपुर भर्ना गरिएका अविनाशमा जेई पुष्टि भएपछि भदौ १० गते धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको थियो । करिब दुई साताको उपचारपछि स्वास्थ्यमा सुधार नआएपछि घर फर्काइएका उनको घरमै मृत्यु भयो । एउटा बालकको मृत्युले एउटा परिवारलाई शोकमा पारेको छ भने यसले जिल्लामा मस्तिष्क ज्वरोको जोखिम कति गम्भीर बन्दै गएको छ भन्ने पनि देखाएको छ ।

झापामा संक्रमणको फैलावटलाई अझ गम्भीर रूपमा हेर्नुपर्ने कारण यसको भौगोलिक र उमेरगत दायरा पनि हो । मेचीनगरमा दुई तथा बिर्तामोड, बाह्रदशी, अर्जुनधारा र हल्दिबारीलगायतका क्षेत्रमा मृत्यु भएका घटना सार्वजनिक भएका छन् । संक्रमितमध्ये बालबालिका, युवा र वृद्ध उमेर समूहका व्यक्ति छन्। यसले जेईलाई कुनै एक उमेर समूह वा समुदायको मात्र समस्या ठान्ने सोच गलत हुने स्पष्ट पार्छ । स्वास्थ्य कार्यालय झापाका प्रमुख बृजकुमार दासले पनि जोखिमलाई उमेरका आधारमा मात्र हेर्न नमिल्ने बताउनु भएको छ ।

जेई मानिसबाट मानिसमा प्रत्यक्ष सर्ने रोग होइन । संक्रमित लामखुट्टेले टोक्दा भाइरस मानिसमा सर्छ । वर्षायाममा पानी जम्ने स्थान बढ्नु, लामखुट्टेका लागि अनुकूल वातावरण बन्नु र मानिसको लामखुट्टेसँगको सम्पर्क बढ्नुले जोखिम थपिन सक्छ । त्यसैले यसको नियन्त्रण अस्पताल वा स्वास्थ्य कार्यालयको जिम्मेवारीमा मात्र सीमित रहन सक्दैन । घर, टोल, विद्यालय, स्थानीय तह र समुदायसम्म रोकथामको अभियान पुग्नुपर्छ ।

यही जोखिमलाई ध्यानमा राख्दै झापामा असोज ५ गतेदेखि १९ गतेसम्म जिल्लाका १५ वटै स्थानीय तहमा जेईविरुद्ध विशेष खोप अभियान सञ्चालन हुँदैछ । पछिल्लो विवरणअनुसार ३० वर्षमाथिका करिब चार लाख ८५ हजार नागरिकलाई खोप लगाउने लक्ष्य राखिएको छ । अभियानका लागि पाँच लाख ७० हजार डोज खोप प्राप्त भएको, १३१ वडामा करिब ९०० खोप केन्द्र सञ्चालन गर्ने र स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका तथा स्वयंसेवक परिचालन गरिएको छ ।

यो अभियान आवश्यक कदम हो । तर खोप अभियान सुरु गर्नु मात्र पर्याप्त हुँदैन। अभियानको सफलता लक्षित समूहका नागरिकमध्ये कति जनाले खोप पाए भन्ने संख्याले मात्र निर्धारण गर्दैन; खोपको पहुँच, सही सूचना, नागरिकको विश्वास, छुटेका व्यक्तिको पहिचान र अभियानपछिको निरन्तर निगरानी पनि उत्तिकै महत्वपूर्ण हुन्छ । विश्व स्वास्थ्य संगठनले पनि जेई नियन्त्रणका लागि उच्च खोप पहुँच कायम राख्नु र जोखिमयुक्त क्षेत्रमा खोपलाई नियमित प्रतिरक्षा प्रणालीसँग जोड्नु आवश्यक हुने बताउँदै आएको छ ।

त्यसैले खोप अभियानमा एउटा महत्वपूर्ण प्रश्न उठ्छ–लक्षित समूहभन्दा बाहिर देखिएका संक्रमणलाई कसरी सम्बोधन गर्ने ? झापामै ३० वर्षमुनिका व्यक्तिमा पनि संक्रमण देखिएको तथ्य सार्वजनिक भएको छ । यस्तो अवस्थामा अभियानको लक्षित उमेर निर्धारणको आधार नागरिकलाई स्पष्ट रूपमा बुझाइनुपर्छ । जोखिममा रहेका तर तत्कालीन लक्षित समूहमा नपरेका व्यक्तिका लागि पनि स्वास्थ्य निगरानी, चिकित्सकीय परामर्श र अन्य रोकथामका उपायलाई प्रभावकारी बनाइनुपर्छ । खोपको लक्ष्य र जोखिमको वास्तविक अवस्थाबीच स्पष्ट संवाद हुन आवश्यक छ ।

यसबीच नागरिकले पनि आफ्नो तहबाट सावधानी अपनाउनुपर्छ । बिहान-साँझ लामखुट्टेको सम्पर्कबाट जोगिन झुल तथा लामखुट्टे भगाउने उपाय प्रयोग गर्ने, घरवरपर पानी जम्न नदिने, सरसफाइमा ध्यान दिने र ज्वरोसँगै टाउको दुख्ने, बान्ता हुने, बेहोस हुने वा स्नायुसम्बन्धी असामान्य लक्षण देखिए तत्काल स्वास्थ्य संस्थामा पुग्ने व्यवहार आवश्यक छ । तर सावधानीको सम्पूर्ण भार नागरिकमाथि थोपर्न मिल्दैन। सुरक्षित वातावरण, सहज स्वास्थ्य सेवा, पर्याप्त निगरानी, समयमै परीक्षण र प्रभावकारी खोप व्यवस्थापन सुनिश्चित गर्नु राज्यको दायित्व हो ।

अझ महत्वपूर्ण कुरा, त्रासलाई सूचनाको विकल्प बन्न दिनु हुँदैन । सामाजिक सञ्जालमा अपुष्ट सूचना र हल्लाले रोग नियन्त्रणमा सहयोग गर्दैन । स्वास्थ्य कार्यालय, स्थानीय तह र सञ्चारमाध्यमले एउटै विश्वसनीय सूचनाप्रवाह कायम गर्नुपर्छ । कुन उमेर समूहले कहाँ खोप पाउने, कसलाई खोप नलगाउने अवस्था हुन्छ, संक्रमणका लक्षण के हुन् र कहिले स्वास्थ्य संस्थामा जाने भन्ने जानकारी सरल भाषामा प्रत्येक समुदायसम्म पुग्नुपर्छ ।

झापामा अहिले सुरु भएको खोप अभियानलाई एउटा जिल्लास्तरीय कार्यक्रमका रूपमा मात्र हेर्नु पनि पर्याप्त हुँदैन । यो संक्रमणको निगरानी, खोप पहुँच, स्थानीय स्वास्थ्य प्रणालीको क्षमता र समुदायसँग राज्यको सम्बन्ध परीक्षण गर्ने अवसर पनि हो । अभियानमा छुटेका नागरिकको पहिचानदेखि सम्भावित नयाँ संक्रमणको तत्काल खोजी, परीक्षण र उपचारसम्मको संयन्त्र चुस्त बनाउनुपर्छ । संक्रमण देखिएका क्षेत्रमा लामखुट्टे नियन्त्रण, वातावरणीय व्यवस्थापन र समुदायस्तरीय जनचेतनालाई पनि समानान्तर रूपमा अघि बढाइनुपर्छ ।

जेईको छुट्टै प्रभावकारी उपचारभन्दा रोकथामको भूमिका महत्वपूर्ण छ । त्यसैले संक्रमण बढेपछि मात्र सक्रिय हुने प्रवृत्तिभन्दा जोखिम पहिचान भएसँगै निरन्तर निगरानी र रोकथाममा जोड दिनुपर्छ । झापामा अहिले देखिएको अवस्था त्यसैको चेतावनी हो । एउटा बालकसहित सात जनाको मृत्यु र दर्जनभन्दा बढी संक्रमणले स्वास्थ्य प्रशासनलाई थप सक्रिय हुन पर्याप्त कारण दिएको छ ।

अन्ततः जेई नियन्त्रणको प्रश्न खोप अभियान सञ्चालन भयो कि भएन भन्नेमा मात्र सीमित छैन । प्रश्न हो–जोखिममा रहेका नागरिकसम्म राज्यको स्वास्थ्य सेवा कति छिटो, सहज र प्रभावकारी रूपमा पुग्यो ? अहिलेको चुनौती संक्रमितको संख्या गन्नु मात्र होइन, आगामी संक्रमण र मृत्यु रोक्नु हो । त्यसैले संघ, प्रदेश र स्थानीय सरकार, स्वास्थ्यकर्मी, विद्यालय, सञ्चारमाध्यम र समुदायबीच समन्वित अभियानलाई निरन्तरता दिनुपर्छ । नागरिकको जीवन रक्षा राज्यको पहिलो दायित्व भएकाले जेई नियन्त्रणलाई नियमित स्वास्थ्य कार्यक्रमको सीमाभन्दा माथि उठाएर प्रभावकारी सार्वजनिक स्वास्थ्य अभियानका रूपमा अघि बढाउन अब ढिलाइ गर्नु हुँदैन ।

## धर्म/संस्कृति

# के नीति, नियम, नैतिकता नै धर्म हो त ?




हरेक व्यक्ति धर्मको परिभाषा फरक ढंगले गर्छन् । विद्वान्हरु विभिन्न ग्रन्थको हवाला दिंदै धर्मको परिभाषा बताउँछन् जसमा पर्याप्त विरोधाभाष पाइन्छ । यहाँ तिनलाई गलत भन्न खोजिएको होइन, मनोमानी ढंगको भन्न खोजिएको पनि होइन । धर्म के हो त भनेर बताउन खोजिएको पनि होइन तर धर्म के हो भन्ने विषयमाथि जिज्ञासा राखिएको भने पक्कै पनि हो ।

पढ्दाखेरी थाहा पाइन्छ कि तिनमा छन् इतिहास, नैतिकता, राजनीति, युद्ध तथा ईश्वर एवं व्यक्ति विशेषको गुणगान । के यिनलाई किताबी धर्म भने हुँदैन ? बिरालाको धर्मको किताबमा लेखिएको थियो रे, जुन दिन आकाशबाट मुसाको वर्षा हुन्छ त्यस दिन पृथ्वीमा स्वर्गको साम्राज्य स्थापित हुन्छ । बिरालाको सपनामा मुसो देखिनुको अर्थ हुन्छ, आज दिन राम्रो बित्छ । हुनसक्छ, सिंहको धर्मको किताबलाई सबैभन्दा महान् मानियोस् । जंगलको कानुन त धेरैलाई थाहा नै छ ।

## सामाजिक सञ्जाल

# खरानी भएको भाटभटेनी उठाउने साहस



✍ अम्बिकाप्रसाद पौडेल

गत वर्ष भाद्र २४ गतेको दुर्भाग्यपूर्ण घटनामा आगलागीबाट ध्वस्त भएको काठमाडौं टंगालस्थित भाटभटेनी सुपर मार्केटको मूल भवन एक वर्षमै पुनर्निर्माण गरी आजदेखि पुनः सञ्चालनमा आएको छ। अरबौंको भौतिक क्षति अनि खरबौंको मानसिक तनाव व्यहोरेर पनि हार नमान्दै छोटो समयमै आफ्ना लगभग सबै स्टोरहरू पुनः सञ्चालनमा ल्याउन सफल हुनुभएकोमा आदरणीय मिनबहादुर सरलाई हार्दिक बधाई तथा सम्मान ।

हजुरको यो सफलता एउटा भवन वा स्टोर पुनः खुलेको सुखद खबरमा मात्र सीमित छैन; यो पीडा र विपत्तिपछि पनि नझुक्ने साहस, धैर्यता, दृढ इच्छाशक्ति र नेपाली उद्यमशीलताको प्रेरणादायी उदाहरण हो ।

'जहाँबाट हाम्रो यात्रा सुरु भयो, त्यहींबाट फेरि नयाँ अध्याय सुरु गर्दैछौं' -भाटभटेनीको यो भावनाले कठिन समयपछि पुनःउठ्ने विश्वास र आशाको सन्देश आमजनमा दिएको छ।




भाद्र २४ को घटनाले हामी सबैलाई एउटा गम्भीर पाठ पनि दिएको छ-असहमति राखौं, प्रश्न गरौं, परिवर्तन खोजौं तर देशको सम्पत्ति, व्यवसाय र रोजगारी नष्ट गरेर होइन । असन्तुष्टिको आवाजलाई संवादमा बदलौं र आक्रोशलाई सिर्जनामा रूपान्तरण गरौं ।

व्यवसायीको सम्पत्ति केवल व्यक्तिगत सम्पत्ति मात्र नभई त्यससँग रोजगारी, उत्पादन, राजस्व र हजारौं परिवारको भविष्य जोडिएको हुन्छ त्यसैले लगानी, व्यवसाय र निजका सृजित सम्पत्तिबाट व्यक्ति भन्दा जहिले राज्य र नागरिक लाभान्वित हुन्छ। यो मर्मलाई आत्मसात गर्दा सबै उधम राज्यका सम्पत्ति हुन। तसर्थ यि सम्पत्तिको सुरक्षा सुनिश्चित गर्नु राज्यको महत्वपूर्ण दायित्व हो ।

एउटा व्यक्तिको इच्छाशक्ति र व्यवस्थापकीय क्षमताले यति ठूलो परिवर्तन सम्भव हुन्छ भने, सिंगो राज्य संयन्त्र लाग्दा असम्भव के होला र ?

यसबाट राज्यले पनि शिक्षा लिन सकोस, इच्छाशक्ति, स्पष्ट दृष्टिकोण र कुशल व्यवस्थापकीय क्षमता भए परिवर्तन सम्भव छ । व्यवस्थापकीय क्षमता जन्मजात मात्र होइन, दृष्टि, अनुशासन, जिम्मेवारी र निरन्तर अभ्यासबाट निर्माण गर्न सकिन्छ । जलेर खरानी भएको सिंहदरबार, राष्ट्रपति भवन, संसद भवन लगायतका संरचनाहरुको स्वरूप छिटै यस्तै स्वरूपमा उभिन यो सत्कार्यले राज्य संचालकलाई प्रेरणा दिओस भन्ने कामना ।

ध्वंसले भत्काउन सक्छ, तर दृढ संकल्पले फेरि उठाउन सक्छ । विनाशभन्दा सिर्जना, आक्रोशभन्दा संवाद र निराशाभन्दा आशा रोजौं । मिनबहादुर गुरुङले देखाएको पुनःउठ्ने साहस हामी सबैका लागि प्रेरणा बनोस् ।

❖

## संघर्षको सफलता :
# शिलाभित्र जीवन खोज्दै मुकेशको २३ वर्षे यात्रा



**दमक/** शारीरिक अवस्थालाई चुनौती दिंदै २३ वर्षदेखि शिलालेखको काम: झापा दमकका ३१ वर्षीय मुकेश सन्तराजको दाहिने हात र देब्रे खुट्टाको आधा भाग मात्र चल्छ । तर, यही अवस्थालाई चुनौती दिंदै उनले विगत २३ वर्षदेखि आफ्नो सीप र मेहनतलाई निरन्तरता दिइरहेका छन् । दमकको हनुमान मन्दिरनजिकै रहेको 'मुकेश शिलालेख'बाट उनले शिलालेख, जाँतो, सिलौटो, लोहोरो, नेमप्लेट, स्मारक तथा मायाको चिनोलगायतका सामग्री बनाउने गरेका छन् ।

मुकेशको यो यात्रा परम्परागत ढुंगा कुँद्ने कामबाट सुरू भएको हो । सुरूवाती दिनमा उनले ढुंगा कुँदेर जातो, सिलौटो र लोहोरो बनाउने काम गर्दै आएका थिए । समय प्रविधिसँगै परिवर्तन भयो र उनले पनि आफ्नो कामलाई प्रविधिसँग जोड्दै लगे । अहिले उनले आफैं कम्प्युटरमा डिजाइन तयार गर्छन् र करिब २–३ वर्षदेखि मार्बलमा अक्षर तथा डिजाइन खोप्ने मेसिनसमेत प्रयोग गर्दै आएका हुन । यसरी हातले ढुंगा कुँदेर सुरू भएको उनको २३ वर्षे यात्रा अहिले कम्प्युटर डिजाइन र आधुनिक प्रविधिसम्म आइपुगेको छ ।

शारीरिक चुनौतीका बाबजुद आफ्नो काममा निरन्तर लागिरहेका मुकेश अहिले यही व्यवसायबाट आफ्नो परिवार चलाइरहेका छन । उनी विवाहित हुन । उनका एक छोरा तथा एक छोरी छन् । आफ्नो शारीरिक अवस्थालाई कामको बाधक बन्न नदिई सीपलाई नै आफ्नो आधार बनाउँदै उनले वर्षौंदेखि व्यवसायलाई निरन्तरता दिइरहेका छन । आफू मात्र स्वरोजगार बन्ने होइन, आ̂ नो व्यवसायमार्फत अरूलाई समेत कामको अवसर दिन सक्नु उनको यात्राको अर्को महत्वपूर्ण पक्ष हो ।

ढुंगा कुटेर सुरू गरेको कामलाई समयअनुसार परिवर्तन गर्दै कम्प्युटर र मेसिनसम्म ल्याएका मुकेशको कथा केवल संघर्षको कथा होइन, आफूले जानेको सीपलाई समयसँगै परिमार्जन गर्दै आत्मनिर्भर बन्ने यात्राको कथा पनि हो । शारीरिक अवस्थाले सीमितता ल्याए पनि मेहनत, सीप र निरन्तरताले आफ्नो बाटो आफैं बनाउन सकिन्छ भन्ने उदाहरण उनको २३ वर्षको व्यवसायिक यात्राले देखाउँछ ।

अहिले उनको श्रृजना र कला दमक र आसपासका सहरका प्रत्येकजसो घरहरूमा सजिएका छन् भने सहकारीका हरेक कार्यक्रमहरूमा उनले तयार गरेको मायाको चिनोले स्पेस पाएको देखिन्छ ।

*प्रस्तुतिः संयोग खतिवडा*

# एक दिनमा कति भात खानु ठीक हुन्छ ?



शारीरिक सक्रियता, उमेर, स्वास्थ्य अवस्था र तौलको लक्ष्यअनुसार एकपटकमा करिब आधा कपदेखि १ कप पकाएको चामल खान सकिन्छ । चामल नेपालीको भान्सामा दैनिकजसो पाक्ने प्रमुख खाद्य पदार्थ हो । बिहान र बेलुकाको खानामा चामललाई मुख्य परिकार बनाउने परिवार धेरै छन् नेपालमा । कतिपयलाई त भात नखाएसम्म खाना खाएको जस्तो नै लाग्दैन । विशेषगरी दाल, तरकारी, अचार र मासुसँग भात खाने हाम्रो खानपानको पुरानो शैली हो । तर पछिल्लो समय तौल बढ्ने, मधुमेह, मुटुरोग तथा अन्य जीवनशैलीसँग सम्बन्धित समस्या बढ्दै जाँदा चामल कति खाने भन्ने प्रश्न उठ्न थालेको छ ।

**एक दिनमा कति भात खान मिल्छ ?**

चामल कति मात्रामा खाने भन्ने कुरा व्यक्तिको उमेर, शारीरिक सक्रियता, स्वास्थ्य अवस्था र तौल घटाउने वा बढाउने लक्ष्यमा निर्भर गर्छ । यदि तौल सामान्य छ र दैनिक कामकाजी हुनुहुन्छ भने, एकपटकमा करिब १ कप पकाएको चामल खान सकिन्छ ।

यदि तौल घटाउने प्रयासमा हुनुहुन्छ भने, आधा कपदेखि त्यो भन्दा केही कम पकाएको चामल, अर्थात् करिब ८० देखि १०० ग्राम चामल, पर्याप्त हुन सक्छ ।

यदि धेरै शारीरिक मेहनत गर्ने व्यक्ति हुनुहुन्छ जस्तै खेलाडी वा मजदुरीजस्तो शारीरिक श्रम गर्ने व्यक्ति हो भने शरीरलाई बढी ऊर्जाको आवश्यकता हुन्छ । यस्तो अवस्थामा दिनमा २ देखि ३ पटकसम्म १ कप चामल खान सकिन्छ ।

सामान्यतया शारीरिक रूपमा सक्रिय र तौल सामान्य भएका व्यक्तिले खानामा चामललाई सन्तुलित मात्रामा राख्न सक्छन् । तर तौल घटाउने प्रयास गरिरहेका वा दिनभरि धेरै शारीरिक गतिविधि नगर्ने व्यक्तिले चामलको मात्रा घटाएर तरकारी, दाल तथा प्रोटिनयुक्त खानेकुराको मात्रा बढाउनु उपयोगी हुन्छ ।

भातलाई प्लेटमा छुट्टै ठूलो थुप्रो बनाएर खानुभन्दा प्लेटको करिब एक चौथाइ भागमा भात वा अन्य स्टार्चयुक्त खाना, आधा भागमा हरियो तथा स्टार्च कम भएका तरकारी र बाँकी एक चौथाइ भागमा प्रोटिनयुक्त खाना राख्ने तरिका अपनाउन सकिन्छ ।

# दमकको भविष्यः चुनौती र सम्भावना



**भारतसँगको खुला सीमानाको निकटता र स्थानीय स्तरमा हुने औषधिजन्य पदार्थको तस्करीका कारण दमक तथा समग्र झापा जिल्लामा लागुपदार्थको दुर्व्यसन र ओसारपसार गम्भीर चिन्ताको विषय बनेको छ ।**

✍ श्वेता घिमिरे

दमक एउटा यस्तो शहर जसले पछिल्लो वर्षमा देशलाई निक्कै ठुलो मोडमा लिएर आयो अनि अपत्यारिलो ढंगले नेपालको राजनीतिक भविष्य नै परिवर्तन गरिदियो । यसमा दमकबासी, हामीलाइ इतिहासले कसरी जोख्ने छ हो त्यो हेर्न बाँकि नै छ । तर दमकलाइ केलाएर हेर्ने हो भने प्रचुर सम्भावना बोकेको सहर भन्दा गलत नहोला ।

दमक अनेक जात-जातिको बसोबास भएको साझा फुलबारी हो । दमक मावा खोलादेखि रतुवा खोलासम्म फैलिएको छ। चुरे पहाडले सजाएको जस्तो देखिन्छ। दमक । देशको र कम्तिमा तराइ क्षेत्रको सबै भन्दा ठुलो र पुरानो सहरी केन्द्रहरु मध्य एक हो । दमकको अधिकांश बाहिरी भूभाग निकै उर्वर र कृषि कार्यका लागि समर्पित छ, जबकि यसको मुख्य सहरी क्षेत्र महेन्द्र राजमार्गले विभाजित गरेको व्यापारिक तथा आवासीय केन्द्रका रूपमा तीव्र गतिमा विस्तार भइरहेको छ। सम्भावनै सम्भावना बोकेको यो सुन्दर सहरमा केहि चुनौती हरु पनि छन् ।

यो सहरले आफ्नो सिमाना, ठुलो र विकसित देश भारतसंग जोडेको त छ जसबाट प्रचुर लाभ उठाउन सकिन्छ, तर गम्भीर मुद्धाहरु पनि छन्, जसको समाधान निकाल्न अत्यावस्यक छ ।

भारतसँगको खुला सीमानाको निकटता र स्थानीय स्तरमा हुने औषधिजन्य पदार्थको तस्करीका कारण दमक तथा समग्र झापा जिल्लामा लागुपदार्थको दुर्व्यसन र ओसारपसार गम्भीर चिन्ताको विषय बनेको छ । योसंगै वर्षाको समयमा पानी निकास प्रणाली र सडकको कमजोर योजनाका कारण बारम्बार जलमग्न हुने तथा घुँडासम्म डुबान हुने समस्या देखिन्छ, जसले विशेष गरी वडा नं. ७ (पशुहाट) जस्ता क्षेत्रहरूलाई प्रभावित पार्छ । तीव्र सहरीकरण र ग्रामीण क्षेत्रबाट सहरतर्फको बसाइँसराइले स्थानीय स्रोतसाधनमा चाप बढाएको छ, यसका कारण विस्तारित सडक सञ्जाल, स्वच्छ खानेपानीको पहुँच र उचित ढल निकासको व्यवस्थापनका लागि आवश्यक नगरपालिकाको वित्तीय स्रोतमा अभाव सिर्जना भएको छ ।

अहिले देखिदै गएको अर्को चुनौती छ दमक भ्यू टावरजस्ता ठूला पूर्वाधार आयोजनाहरू संघीय तथा स्थानीय तहबीच योजना तर्जुमा र बजेट विनियोजनमा समन्वयको अभावका कारण सञ्चालन तथा व्यवस्थापनसम्बन्धी संकटको सामना गरिरहेका छन् । वातावरण र वन्यजन्तुसम्बन्धी द्वन्द्वको रूपमा देखा परेको जटिल चुनौती हो सीमावर्ती वडा (जस्तै वडा नं. २ र ३) जसका बस्तीहरूमा नजिकैको हम्सेदुम्से सामुदायिक वनबाट आउने जङ्गली हात्तीहरूको बारम्बार प्रवेश, जसका कारण बालीनालीको क्षति तथा मानवीय क्षति हुने गरेको छ । तीव्र व्यावसायिक विस्तार, अपर्याप्त प्रशोधन पूर्वाधार र फोहोर संकलन कार्यलाई लिएर समुदायमा कहिलेकाहीँ देखिने मतभेदका कारण नगरपालिकाको ठोस फोहोर व्यवस्थापन निरन्तर चुनौतीको विषय बनेको छ ।

अत्यन्त महत्वपूर्ण विषय हो सुकुम्बासी बस्ती र बस्ति बासिलाइ दिन पर्ने न्याय । विभिन्न वडा (वडा नं. १, ७, १३ र १४ लगायत) मा रहेका हजारौंको संख्यामा रहेका अनौपचारिक वा प्रमाणीकरण नभएका भूमिहीन बसोबासीहरू जसले गर्दा , जग्गा खाली गराउनेसम्बन्धी केन्द्रीय निर्देशन र स्थानीय नगरपालिकाको दर्ता प्रयासहरूबीच निरन्तर द्वन्द्व वा मतभेद सिर्जना भइरहेको छ र साथै भूमिहीन बासीहरु सधै डर त्रासमा बस्नु पर्ने बाध्यता सिर्जना भएको छ ।

यी सबै चुनौतीहरूले गर्दा दमकमा एउटा एस्तो व्यक्तित्वको खाचो सिर्जना भएको छ जसले स्थानीय तह, प्रादेशिक तह र केन्द्र सरकारसंग सहकार्य गर्दै कम्तिमा पनि ५ वर्षे अल्पकालीन योजना बनाएर दमक र दमक बासिलाइ एक नमुना सहरका रूपमा प्रस्तुत गर्न सकोस । अब यसमा मुख्य भूमिकामा देखिन्छ ।

युवा जागरण संगै, दमकको अनुभवी व्यक्तित्वहरु संगको छलफल र निचोडले नै दमक अगाडी बढ्न सक्छ। यसका मुख्य सम्भावना भनेको ५ वर्षे अल्पकालीन आयोजना र 'पिरियोडिक' आवधिक समीक्षा हो । जस अन्तर्गत पहिलो प्राथमिकता हो दमकलाई विश्वसंग जोड्ने । हाम्रो अनेक जात-जातिको पहिचान, पहिरन, भाषा, फरक भेष-भुषा, मठ-मन्दिर, विशेष महत्वपूर्ण ठाउँहरू र यहाँको कृषिजन्य मलिलो माटो भएको जमिन र यहाँ फल्ने खाद्यान्य, खनिज र वोट विरुवाले हामीलाई विश्वमाझ चिनाउन बेजोड मद्धत गर्ने छ। त्यसकारण दमकलाइ पर्यटन केन्द्र बनाएर अगाडी बढाउन अत्यन्तै जरुरी छ ।

यो संगै आउछ 'दुर्व्यसनी मुक्त दमक' । यो एउटा पेचिलो चुनौती बन्दै गएको छ युवा माझ । 'दुर्व्यसनी मुक्त दमक' निर्माणका लागि युवा आफै सचेत हुन जरुरी छ । सचेतानात्मक कार्यक्रमहरु जसले 'ड्रग अब्युज' का घटनालाइ स्पस्ट ढंगले दर्साउन साथै मनोरञ्जनात्मक र उत्पादनमूलक कार्यक्रमहरु युवामाझ ल्याउन जरुरी छ। संगीत नेपालको र विश्वकै आत्मा हो । संगीत र सांगीतिक कार्यक्रमहरु युवा माझ ल्याउने, खेलकुद-जिम-व्यायमलाई प्रोत्साहन गर्ने, चलचित्र उत्पादन-सिर्जना-विकास गर्ने जस्ता सिर्जनात्मक विषयहरु दमकमा छिटो भन्दा छिटो लागु गर्नपर्छ ।

विकसित सहरहरु झै दमकले पनि आफ्नो भाग्य आफै कोर्नपर्छ, अन्याय दमकमा भएको छ भने न्याय पनि दमकमै पाउन पर्छ । यो सम्भव हुन्छ जब दमक आर्थिक रूपमा कसिलो बन्छ । आर्थिक रुपान्तरणका लागि पहिलो छाल हो गरिबी निर्मूलन । यसका लागि स्थानीय तहले केन्द्र सरकार संग पहल गरेर अस्पताल, आपतकालीन एम्बुलेन्स, दमकल सेवा, गुणस्तरीय विद्यालय र विश्वविद्यायालयको निर्माण, सहरीकरण व्यवस्थापन, भूमिहीन सुकुम्वासी व्यवस्थापन, गुणस्तरीय होटेल, पार्क, पर्यटक र त्यसको व्यवस्थापन, फोहोर व्यवस्थापन, र दमकको औद्योगिकीकरण अत्यन्त आवस्यक छ ।

दमकलाइ अघि बढाउन मात्र चाहिएको छ एउटा दृष्टिकोण, योजना, योजनालाई यथार्तमा बदल्न सक्ने उर्जा, दमकलाई माया गर्ने सक्षम व्यक्ति जसले दमकका चुनौतीलाइ आत्मसाथ गरेर यो ठाउँका प्रचुर सम्भावनालाई अर्थपूर्ण विकास र सुनौलो भविष्यको लागि अगाडी बढाउन सकोस् ।

❖

## मनोरञ्जन
# कबड्डी-५ को टिजर सार्वजनिक




दमक/ बहुप्रतीक्षित नेपाली फिल्म 'कबड्डी ५: आफ्टर द फाइनल म्याच'को टिजर सार्वजनिक भएको छ। रामबाबु गुरुङको लेखन तथा निर्देशनमा बनेको फिल्मको करिब साढे ३ मिनेट लामो टिजरले यसपटकको कथा र पात्रलाई लिएर दर्शकमाझ कौतुहलता बढाएको छ। टिजरमा विजय बरालले निर्वाह गरेको बिके र एआईबीचको कनेक्सनलाई रोचक शैलीमा प्रस्तुत गरिएको छ। यस्तै, दयाहाङ राईको काजी र नयाँ 'मैया'का रूपमा देखिएकी सिर्जना गुरुङको प्रवेशले पनि टिजरमा नयाँपन थपेको छ। त्यसपछि विपीन कार्कीको इन्ट्रीले कथालाई थप रोचक बनाएको देखिन्छ भने अन्त्यमा रिश्मा गुरुङको प्रवेशसँगै टिजर टुंगिन्छ ।

विशेषगरी विजय बराल, विपीन कार्की र सिर्जना गुरुङका पात्रलाई लिएर दर्शकमा विभिन्न जिज्ञासा उत्पन्न हुने देखिन्छ। निर्देशक गुरुङका अनुसार फिल्मले अघिल्लो शृंखलाकै कथालाई निरन्तरता दिएको छ ।

रोचक कुरा के छ भने 'कबड्डी ४: द फाइनल म्याच'की अभिनेत्री मिरुना मगरलाई भने प्रचार सामग्रीमा अहिलेसम्म देखाइएको छैन। फिल्ममा उनको भूमिका के हो भन्ने पनि निर्माण पक्षले गोप्य राखेको छ । बासुरी फिल्म्सको प्रस्तुतिमा बनेको फिल्ममा रामबाबु गुरुङसहित मणिराम पोखरेल, मधु मिजार र विशाल गुरुङ (एलजी)को लगानी छ। फिल्म कात्तिक ६ गतेदेखि प्रदर्शनमा आउनेछ ।

## पाँच रोचक तथा ज्ञानवर्द्धक तथ्यहरू

**१. क्यामिलिअन छेपारो :** क्यामिलिअन छेपारोले रङ फेर्छ । यसले दुवै आँखाले एकैपटकमा भिन्नाभिन्नै दिशातर्फ हेर्न सक्छ । जस्तै– एउटा आँखाले अगाडि हेरिरहेकै बेला अर्को आँखाले पछाडि पनि हेर्न सक्छ ।

**२. खानपिनमा छ वर्ष**

७० वर्षको अनुपातमा मनिसले ६ वर्षजस्तो समय खानपिनमा बिताउने गर्छ ।

**३. पेन्सिलको खुबी**

एउटा पेन्सिलले लगभग ३५ माइल लामो धर्सा कोर्न सक्छ ।

४. चन्द्रमामा अवतरण

सन् १९६९ मा एपोल्लो- ११ चन्द्रमामा अवतरण गर्दा पृथ्वीका तीनमा एक भाग मानिसले त्यो दृश्य टेलिभिजनमा प्रत्यक्ष प्रसारण हेरिरहेका थिए ।

**५. टर्की :** टर्की मात्र एउटा यस्तो देश हो जुन देशको भूभाग एसिया र युरोप दुवै महादेशमा पर्छ ।

*श्रोतः सामाजिक सञ्जालबाट साभार*




## दैनिक राशिफल




आज मिति
२०८३ साल
असोज ०८ गते
बिहीबार
24 Sept. 2026
तिथि: त्रयोदशी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगान : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
| --- | --- | --- |
| मेष | चु चे लो ला लि लँ ले लो अ | मनमा उत्साह। धन लाभ । अध्ययन क्षेत्रमा सुधार । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | मित्रहरुबाट सहयोग । आर्थिक पक्ष सवल । |
| मिथुन | का कि कु घ ङ छ के को | गरेका कामहरुमा सफता । पठन-पाठनमा भने मध्यम । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | रोजगारीको अवसर । बोलीको प्रभावबाट काम बन्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आफन्तको सहयोग । धन लाभ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | परिवारमा सुख । मानसम्माको योग । |
| तुला | हि हु हे हो डा डि डु डे डो | आकस्मिक धनलाभ । आफन्तबाट सहयोग । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | उपहार प्राप्ति । रोजगारीको अवसर । |
| धनु | य यो भा भी भ धा फा ढ | कार्य सिद्धि । मान्यजनको सहयोग । |
| मकर | भो जा जी खि खू खे खो गा गी | मनमा खिन्नता । स्वास्थ्यमा समस्या । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | धार्मिक कार्यमा रुचि । व्यापारबाट लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | आर्थिक प्रगति । मित्रबाट सहयोग । |

# सरकारको सार्वजनिक ऋण पौने ३० खर्ब

**दमक /** नेपालको सार्वजनिक ऋण चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो दुई महिनामै २९ खर्ब ७३ अर्ब ५ करोड ९२ लाख रूपैयाँ पुगेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार यो रकम गत असार मसान्तको तुलनामा करिब ८ अर्ब ६४ करोड रूपैयाँ कम हो ।

असार मसान्तमा सार्वजनिक ऋण २९ खर्ब ८१ अर्ब ७० करोड रूपैयाँ रहेको थियो । सरकारले लिएको नयाँ ऋणभन्दा यस अवधिमा साँवा भुक्तानी बढी भएकाले कुल ऋण केही घटेको हो । भदौसम्म सरकारले ६१ अर्ब ५ करोड रूपैयाँ ऋण लिँदा ७० अर्ब १३ करोड रूपैयाँ साँवा भुक्तानी गरेको छ ।

हाल नेपालको कुल सार्वजनिक ऋणमध्ये आन्तरिक ऋण १३ खर्ब ६१ अर्ब ८७ करोड र बाह्य ऋण १६ खर्ब ११ अर्ब १८ करोड रूपैयाँ रहेको छ । कुल सार्वजनिक ऋण कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को ४५.०५ प्रतिशत बराबर पुगेको छ ।

चालु आर्थिक वर्षमा सरकारले कुल ६ खर्ब ५८ अर्ब २८ करोड रूपैयाँ सार्वजनिक ऋण परिचालन गर्ने लक्ष्य राखेको छ । त्यसमध्ये भदौसम्म ९.२८ प्रतिशत अर्थात् ६१ अर्ब ५ करोड रूपैयाँ परिचालन भएको छ । आन्तरिक ऋणतर्फ ४ खर्ब १० करोड र बाह्य ऋणतर्फ २ खर्ब ४८ अर्ब २८ करोड रूपैयाँ परिचालन गर्ने लक्ष्य छ ।

यसबीच सरकारले विकास खर्चभन्दा ऋण भुक्तानीमा ठूलो रकम खर्च गरेको छ । भदौसम्म ऋण सेवामा ८५ अर्ब १ करोड रूपैयाँ खर्च हुँदा पूँजीगत खर्च ७ अर्ब ६६ करोड रूपैयाँ मात्रै भएको छ । कुल ऋण सेवा खर्चतर्फ विनियोजित ४ खर्ब १७ अर्ब ८८ करोडमध्ये २०.३४ प्रतिशत खर्च भइसकेको छ ।

पछिल्ला सात वर्षमा सार्वजनिक ऋण झण्डै दोब्बर भएको छ । आर्थिक वर्ष २०७६/७७ मा १४ खर्ब ३३ अर्ब ४० करोड रहेको ऋण अहिले ३० खर्ब नजिक पुगेको हो । बढ्दो सार्वजनिक खर्च, कमजोर राजस्व परिचालन र घट्दो वैदेशिक अनुदानलाई ऋण वृद्धिका प्रमुख कारण मानिएको छ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र महालेखा परीक्षकको कार्यालयले ऋणलाई चालु तथा प्रशासनिक खर्चमा नभई उत्पादन, रोजगारी, पूर्वाधार र पूँजी निर्माण हुने क्षेत्रमा परिचालन गर्न सुझाव दिएका छन् ।

# इरानलाई "सखाप" पार्ने ट्रम्पको चेतावनी

एजेन्सी/ अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग शान्ति सम्झौता गर्ने वा पुनः सैन्य आक्रमण गर्ने भन्ने विषयमा आफू 'ठूलो निर्णय'को मोडमा पुगेको बताएका छन् । न्युयोर्कस्थित संयुक्त राष्ट्रसंघको महासभालाई सम्बोधन गर्दै उनले द्वन्द्वको समाधान नभए इरानलाई 'सखाप' गर्न सक्ने चेतावनी दिएका हुन् । महासभामा इरानी प्रतिनिधिमण्डलका एक सदस्य सहभागी भइरहेका बेला ट्रम्पले आ ँ नो सम्बोधनका क्रममा शक्ति प्रदर्शनको भाषा प्रयोग गरेका थिए । खचाखच भरिएको सभाहलमा उनले वैश्विक सरकारको अवधारणालाई अस्वीकार गर्दै रूस(युक्रेन युद्धको अन्त्य गराउने र एआईको दौडमा अमेरिकालाई जिताउने प्रतिबद्धता व्यक्त गरे ।

सम्बोधनको सुरूवातमा ट्रम्पले अमेरिकी अर्थतन्त्र, सीमा सुरक्षा र अपराध नियन्त्रणमा आ ँ ना उपलब्धिहरूको प्रशंसा गरेका थिए, जुन कूटनीतिज्ञभन्दा पनि आउँदो नोभेम्बरमा हुने अमेरिकी मध्यवधि चुनावका मतदाताहरूप्रति बढी लक्षित देखिन्थ्यो । आफ्नो मन्तव्यको ठूलो हिस्सा उनले इरानविरूद्धको युद्धको औचित्य पुष्टि गर्नमा खर्चिए । फेब्रुअरीमा अमेरिका र इजरायलले सैन्य कारबाही सुरू गरेयता विश्वबजारमा कच्चा तेलको मूल्य बढेको छ भने ट्रम्पको लोकप्रियतामा गिरावट आएको छ ।

### इक्यान झापाद्वारा
# बाढीपीडितलाई १० लाख सहयोग

बिर्तामोड । नेपाल शैक्षिक परामर्श संघ (इक्यान) झापाले विपद्मा परेका नागरिकको सहयोगका लागि मानवीय अभियानलाई निरन्तरता दिँदै १० लाख रूपैयाँ सहयोग हस्तान्तरण गरेको छ ।

इक्यान झापाको सामाजिक उत्तरदायित्व (सीएसआर) समितिको पहलमा संकलित उक्त रकम सम्बन्धित विपद् राहत कार्यमा हस्तान्तरण गरिएको हो ।

इक्यान झापाका सदस्य तथा पदाधिकारीहरूको सामूहिक प्रयासबाट संकलित सहयोग रकम विपद्का कारण समस्यामा परेका नागरिकको राहत तथा पुनःस्थापनाका लागि उपयोग हुने गरी हस्तान्तरण गरिएको इक्यान झापाका उपाध्यक्ष अशोक भण्डारीले जानकारी दिए ।

# मेचीनगरमा कंकाल फेला

बिर्तामोड । झापाको मेचीनगर-७ गैरीगाउँस्थित एक बंगुर फार्म पछाडि गाडिएको अवस्थामा एक व्यक्तिको कंकाल मात्र फेला परेको छ । उक्त कंकाल करिब दुई वर्षदेखि बेपत्ता काठमाडौंका दिलानाथ बजगाईंको हुन सक्ने आशंका गरिएको छ ।

हत्यामा संलग्न रहेको आशंकामा मेचीनगर-३ का राम भनिने गुप्तबहादुर सिंह र भारत घर भएका सञ्जय लामालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक रञ्जन अवाले जानकारी दिए ।

उनका अनुसार पक्राउ परेका दुवै जनालाई मानिस अपहरण गरी बेपत्ता बनाएको कसुरमा अनुसन्धान जारी रहेको छ । लामो समयदेखि सम्पर्कविहीन रहेका काठमाडौंका बजगाईंको हुन सक्ने प्रारम्भिक आशंका गरिएको प्रहरी प्रवक्ता अवाले बताए । घटनाको वास्तविकता, कंकालको पहिचान तथा घटनामा संलग्नताको विषयमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

फोरेन्सीक जाँचका लागि विशेषज्ञ चिकित्सकको टोली संलग्न रहेको र उक्त कंकाल कसको हो भन्ने यथमर्थ विवरण छिट्टै सार्वजानिक गर्ने तयारीका साथ प्रहरी सक्रिय भएर लागेको डीएसपी अवाले बताए ।

***भारी.....*** अन्तरक्रियाले वर्षाको क्षेत्र र मात्रा निर्धारण गर्छ । त्यसैले 'बंगलादेश-भारत-झापा-काठमाडौं' जस्तो पानी आउने सीधा मार्गका रूपमा यसलाई बुझ्नु वैज्ञानिक रूपमा उपयुक्त हुँदैन ।

मौसम विभागका अनुसार २४ घण्टामा ५० देखि १०० मिलिमिटरसम्म वर्षा हुनुलाई भारी, १०० देखि २०० मिलिमिटरसम्मलाई धेरै भारी र २०० मिलिमिटरभन्दा बढीलाई अति भारी वर्षाका रूपमा वर्गीकरण गरिन्छ । तर भारी वर्षाको पूर्वानुमान हुँदैमा देशभर एकैपटक ठूलो विपद् हुने निश्चित भने हुँदैन । वर्षाको मात्रा, अवधि, स्थान र त्यसले स्थानीय नदी, खोला, जमिन तथा सडकमा पार्ने प्रभावअनुसार जोखिम फरक हुन्छ ।

मौसमविद्हरूले अहिलेको अवस्थामा जमिन पहिल्यै भिजिसकेकाले थप वर्षाले पहिरो, बाढी र सडक क्षतिको जोखिम बढाउन सक्ने बताएका छन् । विशेषगरी पहाडी क्षेत्रमा छोटो समयमा ठूलो वर्षा हुँदा पहिरो तथा आकस्मिक बहावको जोखिम बढ्न सक्छ भने तराईमा लामो समयको वर्षाले डुबान निम्त्याउन सक्छ । नदी तथा खोला किनार, कमजोर पुल, पहिरोको जोखिम भएका सडक र विगतमा क्षति पुगेका संरचना बढी संवेदनशील हुन सक्नेछन् ।

यसैबीच नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघले बिहीबारदेखि लामो दूरीको यात्रा सकेसम्म नगर्न र रातिको समयमा यात्रा नगर्न आग्रह गरेको छ । महासंघले असोज ९ देखि ११ गतेसम्म मौसम र सडकको अवस्था बुझेर मात्र सवारी सञ्चालन गर्न व्यवसायीलाई आग्रह गरेको हो । लगातारको वर्षाले बाढी र पहिरोको जोखिम बढाउन सक्ने भन्दै अत्यावश्यकबाहेक यात्रा नगर्न सर्वसाधारणलाई समेत आग्रह गरिएको छ ।

सम्भावित जोखिमलाई ध्यानमा राख्दै स्थानीय प्रशासनले पनि जोखिमयुक्त क्षेत्रमा पूर्वसूचना र तयारी बढाउन थालेका छन् । काभ्रेको बीपी राजमार्गमा बिहीबारदेखि आइतबारसम्म राति ५ बजेदेखि बिहान ५ बजेसम्म सवारी आवागमन रोक्ने निर्णय गरिएको छ । बाढीपहिरोको अवस्था हेरेर दिनको समयमा समेत आवागमनमा थप निर्णय गर्न सकिने प्रशासनले जनाएको छ ।

मौसमको सम्भावित प्रभावलाई लिएर सामाजिक सञ्जालमा विभिन्न भिडियो, नक्सा र अनुमान सार्वजनिक भइरहेका छन् । तर अपुष्ट सामग्रीभन्दा जल तथा मौसम विज्ञान विभाग तथा स्थानीय प्रशासनबाट जारी हुने आधिकारिक सूचनालाई आधार बनाउन विज्ञहरूले आग्रह गरेका छन् । विभागले वर्षा र नदीको जलस्तरसम्बन्धी सूचना अद्यावधिक गर्दै आएको छ ।

नेपालमा छोटो अवधिको अत्यधिक वर्षाबाट बाढी, पहिरो र संरचनागत क्षति हुने जोखिम नयाँ होइन । पछिल्ला वर्षका बाढीपहिरोका घटनाले सडक, पुल, बस्ती तथा जलविद्युत् संरचना प्रभावित हुने देखाएका छन् । त्यसैले अहिलेको मुख्य सन्देश त्रास फैलाउनेभन्दा पूर्वतयारी बढाउने हो ।

जोखिमयुक्त क्षेत्रमा अनावश्यक आवतजावत रोक्ने, रातिको यात्रा नगर्ने, नदी तथा खोला किनारमा सतर्क रहने, मौसम तथा बाढीसम्बन्धी सूचना नियमित हेर्ने र स्थानीय प्रशासनको निर्देशन पालना गर्ने समय रहेको विज्ञहरूको सुझाव छ । प्रधानमन्त्री शाहले पनि सम्भावित विपद् जोखिम न्यूनीकरणका लागि सम्बन्धित निकायलाई आवश्यक तयारी, समन्वय र पूर्वसतर्कता अपनाउन आग्रह गरेका छन् ।

***एक साता...*** तीमध्ये डिप्लोमा इन्जिनियरिङ परिषद् विधेयक, राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय विधेयक र स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (दोस्रो संशोधन) विधेयक रहेका छन् ।

त्यस्तै, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार (पहिलो संशोधन) विधेयक र आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) (पहिलो संशोधन) विधेयक पनि सोही दिन दर्ता भएका थिए ।

***झापामा...*** तथा आवश्यक परे डुबान प्रभावित बस्तीका बासिन्दालाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने तयारी गरिएको उनले बताए ।

झापा गाउँपालिका, गौरीगञ्ज गाउँपालिका, गौरादहका केही वडा, शिवसताक्षीका तटीय क्षेत्र तथा भद्रपुरस्थित मेची नदी आसपासका बस्तीलाई जोखिमका दृष्टिले उच्च प्राथमिकतामा राखिएको उनले जानकारी दिए । कनकाई, माई, बिरिङ, रतुवा, मावा, निन्दा र कमल खोलालगायत नदी तथा खोलाका तटीय क्षेत्रमा पनि सतर्कता बढाउने निर्णय भएको छ । सम्भावित विपद्का समयमा तत्काल उद्धार तथा राहतका लागि डुङ्गा, त्रिपाल, भाँडाकुँडा, खाद्य सामग्रीलगायत आवश्यक सामग्री तयारी अवस्थामा राख्ने निर्णय गरिएको प्रमुख जिल्ला अधिकारी पोखरेलले बताए । सम्भावित डुबान क्षेत्र पहिचान गरी सुरक्षाकर्मीलाई अग्रिम रूपमा परिचालन तथा सतर्क अवस्थामा राखिएको उनले जानकारी दिए ।

बैठकमा विगतका बाढी तथा डुबानका क्रममा गरिएको उद्धार, राहत तथा पुनःस्थापनाको अनुभवलाई आगामी विपद् व्यवस्थापनमा उपयोग गर्ने विषयमा समेत छलफल भएको थियो । नेपाली सेना, सशस्त्र प्रहरी बल नेपाल र नेपाल प्रहरीले सम्भावित विपद्का लागि आवश्यक तयारी गरिसकेको जानकारी बैठकमा गराएका थिए ।

सम्भावित विपद्अघि नै जोखिम पहिचान गरी सम्बन्धित निकायबीच प्रभावकारी समन्वय र सूचना प्रवाह गर्ने विषयमा बैठकमा जोड दिइएको थियो । स्थानीय तह, सुरक्षा निकाय, रेडक्रस तथा सम्बन्धित सरकारी कार्यालयबीच निरन्तर समन्वय गरी विपद् पूर्वतयारीलाई प्रभावकारी बनाउने निर्णयसमेत भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

***राप्रपा...*** र धनकुटालाई भने १५ असोजसम्म अधिवेशन सम्पन्न गर्ने समय दिइएको छ ।

जिल्ला अधिवेशनपछि राप्रपा अब सातवटै प्रदेशको अधिवेशनको तयारीमा जुटेको छ । पार्टीले सबै प्रदेशको अधिवेशन एकैदिन आगामी २१ असोजमा गर्ने निर्णय गरेको छ । त्यसका लागि केन्द्रीय निर्वाचन समितिले सातवटै प्रदेशमा निर्वाचन प्रतिनिधि खटाइसकेको छ ।

राप्रपाको विधानअनुसार प्रदेश अधिवेशनका लागि जिल्ला, प्रतिनिधिसभा निर्वाचन क्षेत्र, प्रदेशसभा निर्वाचन क्षेत्र तथा स्थानीय तहका प्रतिनिधि सहभागी हुने व्यवस्था छ ।

यसैबीच, राप्रपाले केन्द्रीय महाधिवेशन प्रतिनिधि छनोटका लागि सक्रिय सदस्यता प्रक्रियालाई पनि अघि बढाएको छ । पार्टीले १५ असोजसम्म सक्रिय सदस्यताका लागि आवेदन दिने तथा विवरण फाराम प्रविष्ट गर्ने समय तोकेको छ ।

***ओलीले....*** लैजान सक्ने नयाँ नेतृत्व निर्माण गर्न सक्नुमा रहेको उनको भनाइ छ ।

भट्टराईले आमसहमतिमा नयाँ नेतृत्व चयन गर्नुपर्ने र त्यसका लागि राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्को बैठक तथा विधान महाधिवेशन आयोजना गर्नुपर्ने प्रस्तावसमेत गरेका छन् । स्थानीय तहको निर्वाचनसम्म अन्तरिम नेतृत्वको व्यवस्था गर्नुपर्ने धारणा पनि उनले अघि सारेका छन् ।

पार्टीको विधानमा उमेरहद र नेतृत्वको कार्यकाल सीमा पुनः लागू गर्नुपर्ने तथा संगठनात्मक संरचनालाई समयानुकूल बनाउँदै पार्टीको पुनर्गठन गर्नुपर्ने प्रस्ताव पनि भट्टराईले गरेका छन् ।

***न्युयोर्क...*** महासभा सम्बोधनमा नेपालले जलवायु न्याय, विपद्जन्य क्षति तथा पुनर्निर्माणका लागि अन्तर्राष्ट्रिय सहयोगको विषय उठाउने तयारी गरेको छ ।

प्रधानमन्त्रीले बिहीबार महासचिव गुटेरेससँग भेट गरेपछि महासभाको सामान्य बहसमा सम्बोधन गर्नेछन् । यो प्रधानमन्त्री शाहको पद सम्हालेपछिको पहिलो विदेश भ्रमणसमेत हो ।

यसअघि परराष्ट्रमन्त्री खनालले महासभाका विभिन्न उच्चस्तरीय बैठक तथा साइड इभेन्टमा सहभागिता जनाइसकेका छन् । नेपालले 'सगरमाथादेखि समुद्रसम्म' शीर्षकमा जलवायु परिवर्तन र हिमाली क्षेत्रमा परेको प्रभावबारे साइड इभेन्टसमेत आयोजना गर्दैछ । प्रधानमन्त्री शाह सेप्टेम्बर २५ मा न्युयोर्कबाट दोहा हुँदै २६ सेप्टेम्बरमा काठमाडौं फर्किने कार्यक्रम छ ।

# विद्यूतमा दीर्घायुकुमार नियुक्त

दमक/ नेपाल विद्युत् प्राधिकरणका नवनियुक्त कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले पद तथा गोपनीयताको शपथ लिएका छन् । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले बुधबार मन्त्रालयमा उनलाई शपथ ग्रहण गराएका हुन् । शपथपछि मन्त्री श्रेष्ठले प्रणाली निर्माण गरी निष्ठापूर्वक काम गर्न र मन्त्रालय तथा मातहतका निकायबीच उच्च समन्वय कायम गर्न निर्देशन दिए ।

रसुवा बाढीको चुनौतीपूर्ण समयमा कायम मुकायम कार्यकारी निर्देशकका रूपमा सफलतापूर्वक काम गरेकोमा मन्त्री श्रेष्ठले धन्यवादसमेत दिए ।

# पत्रकर सुव्वा महाधिबेशन प्रतिनिधिका उम्मेदवार



दमक । झापा दमकका पत्रकार यज्ञराज आङदेम्बे (विष्णु सुब्बा) नेपाली कांग्रेसको महाधिबेशन प्रतिनिधिका उम्मेदवार वन्ने भएका छन् । उनले यहि असोज १० गते हुन गईरहेको झापा क्षेत्र नम्बर ५ को क्षेत्रीय अधिबेशनमा समानुपातिक सूचिको आदिवासी जनजाति कलस्टरबाट महाधिबेशन प्रतिनिधिका उम्मेदवार वन्ने भएका हुन् । तीन दशकदेखि पत्रकारिता गरिआएका उनी कमल गाउँपालिका ५ वडाबाट निर्विरोध क्षेत्रीय प्रतिनिधि चयन भएका हुन् । कांग्रेस झापा जिल्ला कार्यसमितिका सदस्य समेत रहेका सुव्वाले परिवर्तित अवस्थामा कांग्रेसलाई रूपान्तरण गरि सवल ,एकतावद्ध पार्टी निर्माण गर्न आफू उम्मेदवार वनेको स्पष्ट पार्छन् ।

# बारूद र खुकुरीसहित पक्राउ

फिदिम/ पाँचथरको कुम्मायक गाउँपालिका १ यासोक बजारबाट खुकुरी, इन्सास राइफलको गोली र बारूदसहित प्रहरीले एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा पाँचथरको फिदिम नगरपालिका-६ शिवाका ३२ वर्षीय सुशन तुम्रोक रहेको जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रहरी नायव उपरीक्षक अनिषकुमार कर्णले जानकारी दिए । उनकाअनुसार तुम्रोकले खुकुरी देखाएर धाकधम्की दिइरहेको सूचनाका आधारमा प्रहरी चौकी यासोकबाट खटेको टोलीले प्रकाउ गरेको हो । तुम्रोकलाई कुम्मायक गाउँपालिका केन्द्र यासोक बजारबाट पक्राउ गरिएको जिल्ला कर्णले बताए ।

उनका अनुसार प्रहरीले तुम्रोकलाई नियन्त्रणमा लिएर शरीर खानतलासी गर्दा दापसहितका दुई थान खुकुरी, इन्सास राइफलको एक राउण्ड गोली र बारूद २७.७१ ग्रामसहित पक्राउ गरिएको हो । पक्राउ परेका तुम्रोकलाई जिल्ला प्रहरी कार्यालय पाँचथरमा राखेर थप अनुसन्धान सुरू गरिएको छ । तुम्रोकलाई पाँचथर जिल्ला अदालत फिदिमबाट ५ दिनको म्याद थप गरी खरखजाना तथा विस्फोटक पदार्थसम्बन्धी कसुरमा अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ ।

# घरमै पुगेर स्वास्थ्य परीक्षण

ताप्लेजुङ/ ताप्लेजुङको मैवाखोला गाउँपालिकामा ज्येष्ठ नागरिकको घर-घरमा पुगेर स्वास्थ्य परीक्षण गर्न सुरू भएको छ । पालिकाले ज्येष्ठ तथा अपाङ्गता भएका 'क' र 'ख' वर्गका नागरिकको घरमै पुगेर स्वास्थ्य परीक्षण गर्न सुरू गरेको हो ।

गाउँपालिका अध्यक्ष विजयप्रकाश वनेमका अनुसार विगतका वर्ष झैँ चालु आर्थिक वर्षमा पनि ज्येष्ठ तथा अपाङ्गता भएका नागरिकको स्वास्थ्य परीक्षण गर्न सुरू गरिएको हो । पालिकामा कार्यरत स्वास्थ्यकर्मीको टोलीले घरघरमा पुगेर ज्येष्ठ तथा अपाङ्गता भएका नागरिकको स्वास्थ्य परीक्षण गर्न थालेको अध्यक्ष वनेमले बताए । उनकाअनुसार ज्येष्ठ तथा अपाङ्गता भएका नागरिकको स्वास्थ्य परीक्षणसँगै आधारभूत औषधीसमेत वितरण गर्ने गरिएको छ ।

ठूलो ट्याङ्कीमा
कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की
तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)
बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा
उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

आरम्भ
कम्प्युटर प्रा. लि.
ARAMBHA COMPUTER
Damak, Jhapa
दमक ६ मिसि मार्केट (मेनरोड)
के तपाई ल्यापटप कम्प्युटर प्रिन्ट
सिसि टिभि फ्रिज वासिङ्ग मिसिन एसि
किन्ने सोचमा हुनु हुन्छ वा
बिगेर हौरान हुनुहुन्छ ?
समाधानको लागि
हामीलाई सम्झनुहोस् !
हाम्रा सेवाहरू
ल्यापटप | कम्प्युटर | प्रिन्टर | CCTV | फ्रिज | वासिङ्ग मिसिन | ए.सी.
गुणस्तरीय सामान | द्रुत तथा भरपर्दो मर्मत सेवा | वारेन्टी सहितको सेवा | अनुभवी प्राविधिक द्वारा सेवा
सम्पर्क गर्नुहोस् आजै !
०२३-५७६२४६
९८५२६७६२४६
प्रविधिसम्बन्धी सम्पूर्ण समाधानका लागि आजै सम्पर्क गर्नुहोस् ।

घर भाडामा
दमक-५ मा अवस्थित ३० फुट पिच सडकमा जोडिएको पार्किङ सहितको घर कुनै पनि अफिस र वित्तीय संस्थाको लागि उपयुक्त घर भाडामा छ ।
सिधा सम्पर्क
९८४२६५०३९५/९८४२६२९०९२

# उर्लाबारी नगरपालिकाको साधियाँरको नाममा ७ दिने सूचना

उर्लाबारी नगरपालिका वडा नं. ०४बस्ने अनिल माझीको नाममा दर्ता कायम रहेको मधुमल्ला-५/च को कि.नं. ५४४६ ज.वि. ०-०-१८-२ मा नयाँ घर निर्माणका लागि यस नगरपालिकामा निवेदन दर्ता भएको र सो निवेदन अनुसार सँधियारको नाममा १५ दिने सुचना जारि गरि१६ दिनपछि यस कार्यालयबाट सर्जमिन मुचुल्का तयार पार्दा दक्षिणतर्फ सँधियार हर्क बहादुर बस्नेत उपस्थित नहुनु भएको हुँदा उहाँलाई उक्त स्थानमा घर निर्माण गर्दा कुनै विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा उपस्थित हुन यो सूचनामार्फत जानकारी गराइन्छ। अन्यथा निजको नाममा नियमअनुसार सिफारिस भइ जाने व्यहोरा जानकारी गराइन्छ ।

E-mail:purbasandesh@yahoo.com